REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 HRS 27/06/2025

- <u>Meeting of BDS</u>

पाकिम प्रखण्ड विकास संघको वार्षिक आम बैठक आज रूरबन सामुदायिक परिसरमा सम्पन्न भयो। सिक्किम ग्रामीण जीविकोपार्जन अभियानको तत्वावधानमा सम्पन्न यो बैठक सिक्किम सरकारको ग्रामीण विकास विभागको ध्वजवाहक पहलअन्तर्गत हो।

बैठकमा पाकिमका अतिरिक्त जिल्लाधीश (विकास) रोबिन प्रसाद सेवाले महिला सशक्तिकरण र ग्रामीण जीविकोपार्जनको अविवृद्धिमा रहेको सिक्किम ग्रामीण जीविकोपार्जन अभियानको अहम भूमिकाबारे बताउनुभयो। उहाँले बैठकमा स्वयं सहायता समूहका सदस्यहरूसित यस अभियानअन्तर्गतका गतिविधिमा सक्रियतापूर्वक सहभागी बन्ने र आफ्नो आर्थिक अवस्था सुधार गर्न समर्पणका साथ काम गर्ने आग्रह गर्नुभयो, जसको फलस्वरूप सामुदायिक विकास र राष्ट्रको प्रगतिमा योगदान पुग्न सकोस्।

उहाँले विशेषगरी राज्यको जैविक खेतीको सम्भावनालाई ध्यानमा राख्दै, दिगो र भरपर्दो आय स्रोतको रूपमा कृषिको महत्त्वमाथि जोड दिनुभयो। उहाँले उपस्थित सबैलाई फ्राइडे फिल्ड डे र कनेक्ट अर्थ जस्ता पहलहरूमा सक्रियताका साथ संलग्न हुन प्रोत्साहित गर्नुभयो, जुन मानव र प्रकृतिको सम्बन्ध बलियो बनाउन र पर्यावरणीय रूपमा दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न तयार पारिएको हो।

--------------------------------------X--------------------------------------

- <u>Jagannath Rath Yatra</u>

भगवान जगन्नाथको मन्दिरदेखि बगैंचासम्मको यात्राको प्रतिकका रूपमा आज भारतभरि जगन्नाथ रथयात्रा पालन गरियो। यता गान्तोकमा श्री जगन्नाथ सांस्कृतिक समितिले पनि महात्मा गान्धि मार्ग नजिक ठाकुरबाड़ी मन्दिरमा रथ यात्राको दुई सयौं प्रकरण पालन गऱ्यो।

शहरी विकास एवं आवास विभाग मन्त्री भोजराज राई प्रमुख अतिथि रहनुभएको कार्यक्रममा गान्तोकका विधायक दिले नामग्याल बर्फुङ्पा र पार्षद सन्दिप मालु हुनुहुन्थ्यो। यस अवसरमा उपस्थित भक्तजनहरूले रथ यात्रा पछि प्रसाद ग्रहण गरे।

--------------------------------------X--------------------------------------

- <u>Governor meets Head, ICAR, Sikkim</u>

भारतीय कृषि अनुसन्धान परिषदका क्षेत्रीय केन्द्र प्रमुख डाक्टर अशोक कुमारको नेतृत्वमा रहेको नौं सदस्यीय टोलीले आज राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसित भेट गऱ्यो।

यस अवधि राज्यपालले संस्थानलाई कृषि, बागवानी, पशुपालन, कुखुरा पालन जस्ता क्षेत्र र अन्य सम्बन्धित गतिविधिहरूमा उत्पाद र उत्पादनलाई बढाउन विभिन्न पहल गर्ने सुझाउ दिनुभयो।

टोलीले पनि राज्यपाललाई कृषकहरूले सामना गर्नुपरिरहेका चुनौती र राज्य जैविक उत्पादको बजार प्रबन्धन सुधारका रणनीतिबारे अवगत गरायो।

राज्यपाल श्री माथुरले भन्नुभयो, सिक्किमसित ठूलो अलैंची, बेसार जस्ता जैविक उत्पादका लागि अधिक क्षमता छ। श्री माथुरले संस्थानका विशेषज्ञहरूसित कृषकहरूको चुनौती र आवश्यकताबारे नविन्तम समाधान र समन्वयको प्रयासमार्फत सम्बोधन गर्न उनीहरूको नजिकमा रहेर काम गर्ने आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Meeting on Crop Insurance Week</u>

मंगनका जिल्लाधीश अनन्त जैनले नवौं फसल बीमा सप्ताह पालनबारे चर्चा गर्ने उद्देश्यले आज बसेको बैठकको अध्यक्षता गर्नुभयो। यो कार्यक्रम आगामी एकदेखि सात जुलाईसम्म पालन गरिनेछ।

बैठकमा प्रधानमन्त्री फसल बीमा योजनाअन्तर्गत फसल बीमा सप्ताहको महत्त्वमाथि प्रकाश पार्नका साथै विभिन्न ग्राम पञ्चायतहरूलाई कार्यक्रमको योजना र मार्गचित्रबारे अवगत गराइयो।

जिल्लाधीशले यस अवसरमा रबी मौसमको नामांकन, दावी र खरीफ लक्ष्यहरूबारे जानकारी लिँदै यसको प्रतिवेदन पेश गर्ने निर्देश दिनुभयो।

स्थलगत कर्मचारीहरूलाई खरिफ सिजन लक्ष्यअन्तर्गत बीमा योजनाका लागि कम्तिमा पाँचजना कृषकहरूको नाम दर्ता गर्ने निर्देश पनि दिइएको छ।

---------------------------------------X---------------------------------------

- <u>Mock Emergency Exercise</u>

आपातकालीन तयारीलाई सुदृढ गर्न र समन्वित प्रतिक्रिया तन्त्र दह्रिलो बनाउन आज पाकिम विमानास्थलमा व्यापक रूपमा मक आपातकालीन अभ्यास गरियो। अहमदाबादमा हालै भएको दुर्घटनापछि उड्डयन सुरक्षालाई ध्यानमा राख्दै यो अभ्यास वास्तविक-समय विमान दुर्घटना परिदृश्यको अभ्यास गर्न तयार गरिएको हो। यसको उद्देश्य विमानस्थलको संकट व्यवस्थापन क्षमताको मूल्याङ्कन गर्नु पनि हो।

भारतीय विमानास्थल प्राधिकरणको निगरानीमा आयोजित अभ्यासमा विभिन्न निकाय जस्तै राष्ट्रिय आपदा प्रतिक्रिया बल, सिक्किम राज्य अग्निसमन तथा आपात्कालिन सेवा, भारतीय विमानास्थल प्राधिकरण अग्निसमन तथा उद्धार कर्मी, स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्य कर्मी लगायत अन्य सहभागी बने।

---------------------------------------X---------------------------------------

- <u>Prasar Bharati Application</u>

प्रसार भारतीले आफ्नो उत्तरपूर्वी क्षेत्रअन्तर्गत आकाशवाणी र दूरदर्शन केन्द्रहरूमा पूर्ण-समय अनुबन्ध अथवा Contractual-को आधारमा प्राविधिक प्रशिक्षणार्थी अथवा Technical Interns-को रूपमा नियुक्तिका लागि आवेदन आमन्त्रित गरेको छ।

अहिले यसमा अनुमानित तीरसटवटा पद रहेका छन्। एक वर्षका निम्ति रहेको यस Intern-मा कार्य गर्न इच्छुकहरूको उमेर आवेदन बुझाउने अन्तिम मितिसम्ममा तीस वर्षभन्दा कम रहेको हुनुपर्नेछ। यस परिक्षामा उत्तीर्ण भएर नियुक्त हुने उम्मेदवारको मासिक वेतन पच्चीस हजार रूपियाँ रहनेछ। इच्छुक उम्मेदवारहरूले avedan.prasarbharati.org-मार्फत अनलाइन आवेदन गर्न सक्नेछन्।

--------------------------------------X--------------------------------------

- <u>Weather</u>

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार वितेको चौबीस घण्टामा गान्तोक र वरपरको अधिकतम तापमान एक्काइस दसमलौ सात डिग्री सेलसीयस र न्युनतम अठार दसमलौ नौं डिग्री सेल्सीयस रेकर्ड गरियो। भोली आकासमा बादल छाउनका साथै हल्का वर्षा हुने र चट्याङ हान्ने सम्भावना छ। गान्तोक र वरपर भोली अधिकतम तापमान एक्काइस र न्यूनतम सत्र डिग्री सेलसीयस रहनेछ।

--------------------------------------X--------------------------------------